धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत संचालित
खुलामुखी योजना- एनआईबिएल सहभागिता फण्ड (NIBL Sahabhagita Fund)
को

थप जानकारी पत्र
(Statement of Additional Information)

कोष प्रवर्द्धक :

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

(साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लि.)

नेपाल राष्ट्र बैंकबाट “क” वर्गको इजाजत पत्र प्राप्त संस्था
केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौं ।

योजना व्यवस्थापक तथा डिपोजिटरी :

NIBL ACE CAPITAL
Managing shares Managing investments.

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम कारोबार गर्ने संस्था
केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।

मितिः १६ चैत्र २०७९

<u>प्रस्तवना</u> : नेपाल धितोपत्र बोर्डबाट स्विकृत प्राप्त एनआईबिएल सहभागिता फण्डको विवरण पूस्तिकामा उल्लेखित विवरणहरुमा भएका परिवर्तनहरुलाई अद्यावधिक गर्ने तथा योजनासंग सम्बन्धीत थप जानकारी गराउनुपर्ने विवरणहरु आम लगानीकर्ताहरुलाई जानकारी गराउने उद्देश्यका साथ यो **"थप जानकारी पत्र" (Statement of Additional Information)** तयार गरीएको हो र यो विवरण पूस्तिकाको अंशको रुपमा रहनेछ ।

<u>नोटः</u> यस "थप जानकारी पत्र" ले योजनाको गुणस्तर वा कुनै पनि प्रतिफलबारे सुनिश्चितताको प्रत्याभुति गर्दैन । कृपया यस योजनामा लगानी गर्नु भन्दा अगाडि मूख्य विवरण पुस्तिका र थप जानकारी पत्रमा समावेश भएका विवरणहरुको राम्रोसँग अध्ययन गर्नुहोला ।

१. योजना सम्बन्धी महत्वपूर्ण विवरणहरु :

१.	योजनाको नाम	एनआईबिएल सहभागिता फण्ड **(NIBL SAHABHAGITA FUND)**
२.	योजनाको किसिम	खुलामुखी (Open Ended)
३.	कोष प्रवर्द्धकको नाम	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लि.)
४.	योजना व्यवस्थापकको नाम	एनआईबिएल एस क्यापिटल लि.
५.	योजनाको स्विकृत आकार	रु. २,००,००,००,०००/– (दुई अर्ब)
६.	योजनाको प्रारम्भिक आकार	रु. २०,००,००,०००/– (बीस करोड)
७.	**<u>बीज पूँजी</u>** क) कोष प्रवर्द्धकको तर्फबाट ख) योजना व्यवस्थापकको तर्फबाट	**<u>योजनाको स्विकृत आकारको १५ प्रतिशत</u>** रु. २७,५०,००,००० (रु. सत्ताइस करोड पचास लाख) रु. २,५७,१२,७०० (रु. दुई करोड सन्तावन्न लाख बाह्र हजार सात सय)
८.	खरीद गर्न सकिने अधिकतम इकाई संख्या	२,००,००,००० (दुई करोड) इकाई सम्म
९.	कोष प्रवर्द्धकको रेटिङ्ग	"[ICRANP - IR] A" (Pronounced as ICRANP Issuer Rating A)
१०.	योजना व्यवस्थापकको रेटिङ्ग	"[ICRANP] AMC Quality 3+ (AMC3+)" (Pronounced As Assest Management Company Quality Three plus)

२. कोष सुपरिवेक्षकहरुको जानकारी :

१. नाम : **श्री बिमल प्रसाद कोईराला–पि.एच.डि (अर्थशास्त्र)**
ठेगाना : आनन्द भैरवमार्ग, ज्ञानेश्वर, काठमाण्डौं ।
अनुभव : ३० बर्ष भन्दा बढीको नेपाल सरकारको विभिन्न प्रशासकिय क्षेत्र तथा उद्योग, अर्थशास्त्र तथा अन्तराष्ट्रिय वित्तीय एवं विकासको अनुभव । हाल स्वतन्त्र परामर्शदाता ।

२. नाम : **श्री शम्भु राम सिम्खडा–पि.एच.डि. (इन्टरनेशनल रिलेशन)**
ठेगाना : वडा नं. ०३, बाँसबारी, काठमाण्डौं ।
अनुभव : राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुमा २९ बर्ष भन्दा बढीको कार्य अनुभव । हाल : संस्थापक, चिरनमिलन वर्ल्डपिस क्याम्पस काठमाण्डौं, नेपाल ।

३. नाम : **श्री दुर्गेश मान सिंह–पि.एच.डि.(अर्थशास्त्र)**
ठेगाना : वडा नं.२६, ९/५४८ यटखा टोल, काठमाण्डौं ।
अनुभव : आर्थिक तथा राजनैतिक क्षेत्रका बिज्ञ। हाल अध्यक्ष, गुञ्जमान सिंह हस्पिटल,पिढुवा, चितवन ।

४. नाम : **श्री जितेन्द्र बहादुर राजभण्डारी–चार्टर्ड एकाउण्टेन्ट, एफ.सि.ए.**
ठेगाना : वडा नं.१३, सतमार्ग, सानेपा, ललितपुर ।
अनुभव : ३८बर्ष भन्दा बढीको ब्यबसायिक अनुभव । हाल प्रमुख पार्टनर, जे.बि.राजभण्डारी एण्ड डिबिन्स चार्टर्ड एकाउण्टेन्टस् ।

५. नाम : **श्री राजु नेपाल- व्यवस्थापन, आर्थिक तथा राजनीतिक परामर्श सम्बन्धी विज्ञ**
ठेगाना : सूर्यविनायक ५, भक्तपुर ।

अनुभव : २४ वर्ष भन्दा बढी बैंकिङ्ग क्षेत्रको अनुभव

३. योजना व्यवस्थापकको संचालकहरु सम्बन्धी जानकारी :

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१.	श्री सचिन टिवडेवाल, वडा नं. ७ सिफल, काठमाण्डौ (नेपाल इन्भेष्टमेण्ट बैंक लि.को तर्फबाट)	अध्यक्ष	४४	नेपाली	चार्टर्ड एकाउण्टेन्ट	• नेपाल इन्भेष्टमेण्ट बैंकमा ८ वर्ष देखि लेखा तथा वित्तिय विभाग प्रमुखको रुपमा कार्यरत । • नेपाल इन्भेष्टमेण्ट बैंकको विभिन्न तहमा ७ वर्षको कार्य अनुभव । • सहायक प्रबन्धक, डिलोईट् हास्किन्स् एण्ड सेल्स, ३ वर्षको कार्य अनुभव । • एस.के.मेहता एण्ड कम्पनीमा ३ वर्षको कार्य अनुभव ।
२.	श्री दिपक कुमार श्रेष्ठ, वडा नं.२०, न: टोल, ललितपुर (कोष प्रवर्द्धकको प्रतिनिधि)	संस्थापक संचालक	५६	नेपाली	स्नातकोत्तर, कानुन	• नेपाल इन्भेष्टमेण्ट बैंकको विभिन्न तह तथा शाखामा १९ वर्षको कार्य अनुभव । • स्ट्यान्डर्ड चार्टर्ड बैंकमा कम्पनी सचिव तथा आन्तरिक अधिवक्ताको कार्य अनुभव । • अधिवक्ताको रुपमा ९ वर्षको कार्य अनुभव • सदस्य सार्क ल नेपाल • सदस्य नेपाल बार एसोसिएसन • सदस्य नेपाल कानून समाज
३.	श्री सृजना पाण्डे, वडा नं.४, चण्डोल, काठमाण्डौ (कोष प्रवर्द्धकको प्रतिनिधि)	संस्थापक संचालक	४७	नेपाली	स्नातकोत्तर (MBA in Marketing & Finance)	• बैंक तथा वित्तिय संस्थामा विगत १९ वर्ष भन्दा बढीको कार्य अनुभव ।
४.	श्री रबिन्द्र भट्टराई, वडा न. ३, ढोरफिर्दी, तनहुं	स्वतन्त्र संचालक	५२	नेपाली	एम.बि.ए.	• प्रध्यापक, शंकर देव क्याम्पस, पुतलीसडकमा १८ वर्षको कार्यानुभव । • प्रोगाम को-अर्डिनेटर, स्नातक तह, कानभास इन्टरनेशनल कलेज, बसुन्धरामा कार्य अनुभव, • संचालक, सगरमाथा मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.मा ६ वर्षको कार्य अनुभव ।
५.	श्री आनन्द कुमार भट्टराई (वडा नं. १०, कपन, बुढानिलकण्ठ नगरपालिका, काठमाण्डौ)	स्वतन्त्र संचालक	६२	नेपाली	एम.बि.ए.	• सरकारी सेवामा आबद्ध रही २५ वर्ष भन्दा बढीको कार्य अनुभव ।

४. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय कर्मचारी सम्बन्धी जानकारी :

क्र.सं.	कर्मचारीको नाम	पद	उमेर (वर्ष)	शैक्षिक योग्यता	अनुभव
१.	श्री शिवान्त बहादुर पाँडे	प्रमुख कार्यकारी अधिकृत	४१	एम.ए. (वित्तीय अर्थशास्त्र)	• विभागिय प्रमुख, रिसर्च एण्ड डेभलपमेन्ट, नेपाल इन्भेष्टमेण्ट बैंक, ६ वर्षको कार्य अनुभव । • प्रबन्धक (लगानी), सोफिया इन्भेष्टमेण्ट प्रा.लि., १ वर्षको कार्य अनुभव । • डिलोईट् टूर्स टोमात्सू, इमर्जिङ्ग, १ वर्षको कार्य अनुभव । • एनआईबिएल एस क्यापिटल लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत पदमा रही ६ वर्ष बढीको कार्य अनुभव ।
२.	श्री मेख बहादुर थापा ठाडा	नायव प्रमुख कार्यकारी अधिकृत	४२	चार्टर्ड एकाउण्टेन्ट	• नेपाल धितोपत्र बोर्डमा उपनिर्देशक तथा विभागिय प्रमुख तहमा करिब ४ वर्षको कार्य अनुभव तथा स्नातक तहमा लेखा तथा वित्त विषयको अध्यापन । • सिद्धार्थ क्यापिटल लिमिटेडमा प्रमुख संचालन अधिकृत तथा कम्पनी सचिव पदमा करिव ३ वर्ष बढीको कार्य अनुभव ।

					• एनआईबिएल एस क्यापिटल लिमिटेडमा महाप्रबन्धक र नायव कार्यकारी अधिकृतको पदमा रही ७ वर्ष बढीको कार्य अनुभव ।
३.	श्री सचिन्द्र ढुङ्गाना	नायब महाप्रबन्धक	३६	चाटर्ड एकाउण्टेन्ट	• एस.आर पाण्डे एण्ड कम्पनीमा अडिट म्यानेजरको पदमा रही करिब ६ वर्षको कार्य अनुभव । • एनआईबिएल एस क्यापिटल लिमिटेडमा बिजनेस सर्पोट म्युचुअल फण्ड हेडको पदमा रही करिब २ वर्षको कार्य अनुभव । • नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेडमा प्रमुख सञ्चालन अधिकृत, वित्तिय प्रमुख मर्चेन्ट बैंकिङ्ग प्रमुखको रुपमा २ वर्ष बढिको कार्य अनुभव ।

५. योजनाको नियमित खर्चको दरमा भएको परिवर्तन सम्बन्धी विवरण :

सामुहिक लगानी कोष नियमावली, २०६७ को हाल विद्यमान व्यवस्थाको अधिनमा रहि योजनाको दैनिक खुद सम्पत्ती मूल्यको औसत कायम गरी सो निम्म बमोजिमका बार्षिक दरमा कोष व्यवस्थापन शूल्क, डिपोजिटरी शूल्क तथा कोष सुपरिवेक्षक शूल्क गणना गरी भूक्तान गरीनेछ ।

क्र.सं.	खर्च	साविकको दर	हाल कायम दर
१.	कोष व्यवस्थापन शूल्क	१.२५%	१.२५%
२.	डिपोजिटरी शूल्क	०.४०%	०.२०%
३.	कोष सुपरिवेक्षक शूल्क	०.३०%	०.१२%

६. योजनामा अर्न्तनिहित तरलता सम्बन्धी जोखिम तथा जोखिम व्यवस्थापनमा अपनाईने उपायहरु सम्बन्धी जानकारी :

योजनाका इकाईधनीहरुबाट भविष्यमा एकसाथ वा छोटो अवधिमा उल्लेख्य रकम फिर्ता भुक्तानीका लागी माग भएको खण्डमा फिर्ता भुक्तानी गर्नका लागी योजनाले धितोपत्र तथा अन्य क्षेत्रमा गरेको लगानीलाई तरल सम्पत्तीमा परिणत गर्नु पर्ने भएको हुँदा योजनामा तरलता सम्बन्धी जोखिम रहन सक्छ र सोको व्यवस्थापनका लागि योजना व्यवस्थापक कम्पनी सदैव सचेत रहनेछ यस्ता प्रकारको जोखिमहरुको निरन्तर अध्ययन गरी सो को व्यवस्थापनका लागि निम्न उपायहरु अवलम्बन गर्नेछ ।

(क) कुल योजनाको १० देखि १५ प्रतिशत सम्पत्ती नगद तथा नगद सरहको रुपमा राख्ने ।

(ख) कुल योजनाको १० प्रतिशत सम्पत्ती बन्ड डिबेन्चर आदी स्थिर आय उपकरणमा लगानी गर्ने जसकारण आवश्यक परेको बेलामा सोही सम्पत्तीको आधारमा ऋण वा सहज तरीकाले बिक्रि गरी रकम प्राप्त गर्न सकियोस ।

(ग) कुल योजनाको १५ प्रतिशत सम्पत्ती मुद्दती निक्षेपमा लगानी गर्ने जसकारण आवश्यक परेको बेलामा अग्रीम परिपक्व गरी वा सोको ऋण प्राप्त गर्न सकियोस ।

(घ) कुल योजनाको १० प्रतिशत सम्पत्ती स्थिर मूल्य तथा आय हुने सामूहिक लगानी कोषका योजनाहरुमा लगानी गर्ने जसकारण आवश्यक परेको बेलामा सोही सम्पत्ती बिक्रि गरी रकम प्राप्त गर्न सकियोस ।

(ङ) योजना व्यवस्थापक कम्पनीले आवश्यकता अनुसार कोष प्रबर्द्धकको पछिल्लो बेस रेट ब्याज लागु हुने गरि योजनालाई रु. ५ करोड वा सँचालक समितिको निर्णयअनुसार सम्म को रकम सापटी दिन सकिने ।

(च) केहि बैंकहरुमा योजना सँग रहेको शेयरहरुको हाइपोथिकेसनको आधारमा आवश्यक पर्दा ऋण लिन सकिने गरि सम्झौता अवस्था हेरी गर्न सकिने ।

(छ) सामूहिक लगानी कोष नियामावली २०६७ को नियम ३५ को अधिनमा रहि योजनाको खुद सम्पत्तिको २० प्रतिशत सम्म बढीमा छ महिनाका लागि बाणिज्य बैंकहरुबाट कर्जा लिने ।

७. योजनाको वित्तिय तथा अन्य प्रक्षेपण विवरण सम्बन्धी जानकारी :

योजनाले नेपालको समग्र अर्थतन्त्रको स्थिति तथा पूँजी बजारको भविश्यमा आउन सक्ने परिवर्तनहरुलाई मध्येनजर गरी आगामी ५ आर्थिक बर्षहरुका लागी निम्न बमोजिम वित्तिय तथा अन्य प्रक्षेपण गरीएको छ ।

प्रक्षेपित वासलात

	आर्थिक बर्ष				रू. हजारमा
विवरणहरू	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४
सम्पत्ति					
वित्तीय उपकरणहरूमा लगानी	८१२,५००	१,२४०,२३०	१,९१३,६२५	२,९७८,६५४	४,६६९,२७०
नगद मौज्दात	९५२,४९७	१,४९६,८९९	२,३६३,७२१	३,७४६,५५०	५,९५१,४४१
अन्य चालु सम्पत्ति	८,६२५	१३,१६६	२०,३१४	३१,६२०	४९,५६६
कुल सम्पत्ति	**१,७७३,६२२**	**२,७५०,२९५**	**४,२९७,६६०**	**६,७५६,८२४**	**१०,६७०,२७७**
दायित्व					
चालु दायित्व	७,१८५	११,०६४	१७,२२३	२६,९९०	४२,५४८
इकाईधनी कोष- इकाईधनीहरूलाई बांडफांड योग्य					
इकाई पूंजी	१,६००,०००	२,५६०,०००	४,०९६,०००	६,५५३,६००	१०,४८५,७६०
बचत तथा जगेडा कोष	१६६,४३७	१७९,२३०	१८४,४३६	१७६,२३४	१४१,९७०
इकाईधनीहरूको कोष	**१,७६६,४३७**	**२,७३९,२३०**	**४,२८०,४३६**	**६,७२९,८३४**	**१०,६२७,७३०**
कुल दायित्व	**१,७७३,६२२**	**२,७५०,२९४**	**४,२९७,६५९**	**६,७५६,८२४**	**१०,६७०,२७८**
इकाई संख्या	१६०,०००	२५६,०००	४०९,६००	६५५,३६०	१,०४८,५७६
प्रति इकाई खुद सम्पत्ति मूल्य	**११.०४**	**१०.७०**	**१०.४५**	**१०.२७**	**१०.१४**

प्रक्षेपित नाफा/नोक्सान हिसाब

	आर्थिक बर्ष				रू. हजारमा
विवरण	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४
आम्दानीहरू					
मुद्धति निक्षेपबाट प्राप्त व्याज आम्दानी	१२,०००	१८,३१७	२८,२६३	४३,९९२	६८,९६२
ऋणपत्रबाट प्राप्त व्याज आम्दानी	९,०००	१३,७३८	२१,१९७	३२,९९४	५१,७२१
नगद लाभांष	२०,०००	३०,५२९	४७,१०५	७३,३२१	११४,९३६
प्राप्त भईसकेको पूंजीगत लाभ	८७,५००	१३३,५६३	२०६,०८३	३२०,७७८	५०२,८४४
प्राप्त हुन बांकि पूंजीगत लाभ	६२,५००	९५,४०२	१४७,२०२	२२९,१२७	३५९,१७५
कल निक्षेपबाट प्राप्त व्याज आम्दानी	४,५००	६,८६९	१०,५९९	१६,४९७	२५,८६१
कुल आम्दानी	**१९५,५००**	**२९८,४१८**	**४६०,४४९**	**७१६,७०९**	**१,१२३,४९९**
खर्चहरू					
कोष व्यवस्थापन शूल्क	२२,४३३	३४,७८७	५४,३५९	८५,४६५	१३४,९६६
डिपोजिटरी शूल्क	३,५८९	५,५६६	८,६९७	१३,६७४	२१,५९४
सुपरिवेक्षक शूल्क	२,१५४	३,३४०	५,२१८	८,२०५	१२,९५७
बार्षिक योजना संचालन खर्चहरू	८८८	९३३	९६७	१,१६८	१,२०६
इकाई दर्ता सम्बन्धी शूल्कहरू	-	१,०००	२,०००	२,०००	४,०००
कुल खर्च	**२९,०६४**	**४५,६२६**	**७१,२४१**	**११०,५१२**	**१७४,७२३**

कर अघिको खुद आय/व्यय	१६६,४३६	२५२,७९२	३८९,२०८	६०६,१९७	९४८,७७६
आयकर व्यवस्था					
करपछिको आय/व्यय	१६६,४३६	२५२,७९२	३८९,२०८	६०६,१९७	९४८,७७६
अन्य आम्दानी	-	-	-	-	-
खुद आय/व्यय	१६६,४३६	२५२,७९२	३८९,२०८	६०६,१९७	९४८,७७६

प्रक्षेपित नगद प्रवाह विवरण

	आर्थिक बर्ष				रू. हजारमा
विवरण	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४
संचालन गतिविधिबाट नगद प्रवाह					
आम्दानीबाट नगद प्राप्ति	१९५,५००	२९८,४१८	४६०,४४८	७१६,७१०	१,१२३,४९८
खर्चमा नगद भुक्तानी	(२९,०६३)	(४५,६२५)	(७१,२४२)	(११०,५१२)	(१७४,७२३)
आयकर भुक्तानी	-	-	-	-	-
संचालन गतिविधिबाट अन्य नगद प्रवाह	**१६६,४३७**	**२५२,७९३**	**३८९,२०६**	**६०६,१९८**	**९४८,७७५**
चालु सम्पत्तिमा थपघट	(८,६२५)	(४,५४१)	(७,१४८)	(११,३०६)	(१७,९४७)
चालु दायित्वमा थपघट	७,१८५	३,८७९	६,१५९	९,७६७	१५,५५८
वित्तिय सम्पत्तिमा प्राप्त भईनसकेको आम्दानी थपघट	(६२,५००)	(३२,९०२)	(५१,८००)	(८१,९२५)	(१३०,०४७)
शेयर लगानीमा थपघट	(५००,०००)	(२६३,२१८)	(४१४,३९७)	(६५५,४०३)	(१,०४०,३७९)
ऋणपत्र लगानीमा थपघट	(१००,०००)	(५२,६४४)	(८२,८७९)	(१३१,०८१)	(२०८,०७६)
मुद्धत्ति निक्षेपमा थपघट	(१५०,०००)	(७८,९६५)	(१२४,३१९)	(१९६,६२१)	(३१२,११४)
संचालन गतिविधिबाट कुल नगद प्रवाह	**(६४७,५०३)**	**(१७५,५९८)**	**(२८५,१७८)**	**(४६०,३७१)**	**(७४४,२३०)**
लगानीको गतिविधिबाट नगद प्रवाह					
धितोपत्र लगानीमा थपघट	-	-	-	-	-
निश्चित आम्दानी उपकरणहरूमा थपघट	-	-	-	-	-
लगानीको गतिविधिबाट कुल नगद प्रवाह	-	-	-	-	-
वित्तिय गतिविधिहरूबाट नगद प्रवाह					
इकाई पूंजीमा थपघट	१,६००,०००	९६०,०००	१,५३६,०००	२,४५७,६००	३,९३२,१६०
नगद लाभांश भुक्तानी	-	(२४०,०००)	(३८४,०००)	(६१४,४००)	(९८३,०४०)

वित्तिय गतिविधिबाट कुल नगद प्रवाह	१,६००,०००	७२०,०००	१,१५२,०००	१,८४३,२००	२,९४९,१२०
खुद नगद प्रवाह	९५२,४९७	५४४,४०२	८६६,८२२	१,३८२,८२९	२,२०४,८९०
आ.ब. शुरूको नगद तथा बैंक मौज्दात	-	९५२,४९७	१,४९६,८९९	२,३६३,७२१	३,७४६,५५०
आ.ब. अन्त्यको नगद तथा बैंक मौज्दात	९५२,४९७	१,४९६,८९९	२,३६३,७२१	३,७४६,५५०	५,९५१,४४०

प्रक्षेपित लगानी बाँडफाँड

आर्थिक बर्ष — प्रतिशतमा

विवरण	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४
मुद्धत्ति निक्षेपमा	१५%	१५%	१५%	१५%	१५%
बण्ड तथा ऋणपत्रमा	१०%	१०%	१०%	१०%	१०%
निश्चित आम्दानी उपकरणहरूमा	१०%	१०%	१०%	१०%	१०%
धितोपत्रहरूमा	५०%	५०%	५०%	५०%	५०%
कल निक्षेपमा	१५%	१५%	१५%	१५%	१५%

नोट : लगानीको बाँडफाँड प्रति इकाई खुद सम्पत्तीको आधार गणना गरीनेछ ।

प्रक्षेपित प्रतिफलका आधारहरु

आर्थिक बर्ष — प्रतिशतमा

विवरण	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४
मुद्धत्ति निक्षेप	८%	८%	८%	८%	८%
बण्ड तथा ऋणपत्रहरू	९%	९%	९%	९%	९%
निश्चित आम्दानी उपकरणहरू	८%	८%	८%	८%	८%
नगद लाभांष	४%	४%	४%	४%	४%
बोनश शेयर	५%	५%	५%	५%	५%
आर्जित पूंजीगत नाफा नोक्सान	२५%	२५%	२५%	२५%	२५%
आर्जित हुन बांकी पूंजीगत नाफा नोक्सान	२५%	२५%	२५%	२५%	२५%
कल निक्षेप	३%	३%	३%	३%	३%

प्रक्षेपित लाभांष वितरण लक्ष्य

आर्थिक बर्ष

विवरण	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४
लाभांष वितरण लक्ष्य (प्रतिशतमा)	१५%	१५%	१५%	१५%	१५%

नोटः माथि उल्लेखित प्रक्षेपित विवरण तयार गर्ने विज्ञ श्री जी एण्ड जी एसोसियट्सका चार्टर्ड एकाउन्टेण्ट रहनु भएको छ ।

८. योजनामा अर्न्तनिहित अन्य योजनाहरुको संचिप्त विवरण :

८.१ व्यवस्थित लगानी योजना (Systematic Investment Plan- SIP):

एनआईबिएल सहभागिता फण्ड (खुलामुखी योजना) मा लगानी गर्न चाहने लगानीकर्ताहरुले व्यवस्थित लगानी योजना मार्फत लगानीकर्ताहरुले आफुले नियमित रुपमा लगानी गर्न चाहेको निर्धारित रकमलाई नियमित समयको अन्तरालमा विभिन्न माध्यमद्धारा भुक्तानी गरी लगानी गर्न सक्नेछन् । यसका लागि योजना व्यवस्थापकले निम्न बमोजिमको व्यवस्था कार्यान्वयनमा ल्याएको छ ।

क) लगानीकर्ताहरुले व्यवस्थित लगानी योजना (Systematic Investment Plan- SIP) का लागी योजना व्यवस्थापकले तोकिदिएको दर्ता फारममा आफुले चाहेको किस्ता रकम (SIP Amount), समय अन्तरालको मिति (SIP Interval Date) र रकम भुक्तानी गर्ने माध्यम (Mode of Payment) निर्धारण गरी आफ्नो नाम दर्ता गर्नु पर्ने हुन्छ ।

यसरी नाम दर्ता गर्दा लगानीकर्ताहरुले किस्ता रकम (SIP Amount) को हकमा रु. १,००० (एक हजार) भन्दा कम नहुने गरी, समय अन्तराल (SIP Interval) को हकमा मासिक, त्रैमासिक, अर्धबार्षिक वा बार्षिक मध्ये कुनै एक र रकम भुक्तानी गर्ने माध्यम (Mode of Payment) को हकमा आफ्नो सुविधा अनुसार (जस्तैः बैंक ट्रान्सफर, बैंक भुक्तानी निर्देशन-Standing Instruction, E-Sewa, Khalti आदि) उल्लेख गरी प्रयोग गर्न सक्नेछन् । यसरी SIP मा विभिन्न संस्थामा कार्यरत कर्मचारीहरु समेत संस्थागत रुपमा सहभागी हुन सक्नेछन् ।

ख) बुदाँ नं. १ (क) अनुसार दर्ता भएका सम्पूर्ण लगानीकर्ताहरुको विवरण योजना व्यवस्थापकले आफ्नो सफ्टवेयरमा प्रविष्ट गरी अभिलेख राख्ने व्यवस्था मिलाउनेछ ।

ग) बुदाँ नं. १ (क) अनुसार दर्ता भए अनुरुप निर्धारण गरेको दिन र निर्धारित किस्ता बराबरको रकम (SIP Amount) योजना व्यवस्थापकको बैंक खातामा भुक्तानी भए पश्चात योजना व्यवस्थापकले लगानीकर्ताहरुको नाममा सो रकम बराबरको इकाई खरिद (SIP Purchase) गर्ने प्रकृया अघि बढाउने छ र सो खरिद प्रकृया सोहि दिनका लागी अन्य लगानीकर्ताहरु (SIP बाहेकका लगानीकर्ताहरु) ले गर्ने अन्य खरीद प्रकृया (Normal Purchase) सरह नै रहने छ र खरिद मूल्य समेत सोहि दिनको इकाई खरिद/बिक्रीका लागी लागु हुने खुद सम्पत्ती मूल्य (NAV) लाई नै आधार मानिनेछ ।

घ) SIP अर्न्तगत सहभागी भएका लगानीकर्ताहरुले चाहेमा तोकिएको फारम भरी योजना रद्द, परिवर्तन वा स्थगित गर्न सक्नेछन् ।

ङ) SIP अर्न्तगत आफ्नो नाम दर्ता, रद्द, परिवर्तन वा स्थगित गर्न लगानीकर्ताहरुले कुनै पनि शूल्क तिर्नुपर्ने छैन् ।

च) नियमित लगानी गर्न चाहने साना तथा मध्यम लगानीकर्ताहरु यस योजना मार्फत आफ्नो नियमित बचत तथा लगानीको उद्देश्य पुरा गर्न सक्नेछन् । साथै, यस योजना मार्फत लगानी गर्दा नियमित रुपमा विभिन्न मूल्यमा निरन्तर इकाई खरिद गरिने हुनाले औसत लगानी लागत कम हुन गई दिर्घकालमा उच्च प्रतिफलको सम्भावना बढेर जानेछ ।

८.२ लाभांश पुनः लगानी योजना (Dividend Re-investment Plan- DReP) :

एनआईबिएल सहभागिता फण्ड (खुलामुखी योजना) ले इकाईधनीहरुलाई योजनाले आर्जन गरेको मुनाफाको आधारमा बार्षिक रुपमा नगद लाभांश वितरण गर्न सक्नेछ । यसरी वितरण गरीने नगद लाभांश इकाईधनीहरुले चाहेमा नगद लाभांश नलिई नगद लाभांश (कर तथा अन्य शूल्म कट्टी पश्चात) बराबरको रकमलाई लाभांश पुनः लगानी योजना (Dividend Re-investment Plan- DReP) मार्फत यसै योजनाको थप इकाईहरु खरिद गर्न सक्ने व्यवस्था योजना व्यवस्थापकले मिलाउनेछ । यसरी लाभांश पुनः लगानी योजना (Dividend Re-investment Plan- DReP) मार्फत खरिद गरीने इकाईहरुको गणना गर्दा लाभांश पारित भई इकाईधनी किताब बन्द (Book Close) भई लाभांश समायोजन गरी आएको अन्य इकाईहरु बिक्री गर्दा लागु हुने खुद सम्पत्ति मूल्य (NAV) लाई

आधार मानी थप इकाईहरु खरिद गर्ने व्यवस्था मिलाईनेछ र लाभांश पुनः लगानी योजना (Dividend Re-investment Plan- DReP) मा सहभागी हुन नचाहने इकाईधनीहरुलाई नगद लाभांश नै वितरण गर्ने व्यवस्था मिलाईनेछ । DReP मा दर्ता हुन चाहने इकाईधनीहरुका लागी लाभांश पारित भए पश्चात कम्तिमा ७ दिनका लागी सूचना प्रकाशित गरी दर्ता प्रकृया अघि बढाइनेछ साथै, इकाई खरिद गर्दाका समयमा नै इकाई खरिद फारम मार्फत दर्ता हुन सक्ने व्यवस्था मिलाइनेछ ।

८.३ व्यवस्थित लगानी फिर्ता योजना (Systematic Withdrawal Plan- SWP) :

एनआईबिएल सहभागिता फण्ड (खुलामुखी योजना) अर्न्तगत रहने व्यवस्थित लगानी फिर्ता योजना (Systematic Withdrawal Plan- SWP) मार्फत लगानीकर्ताहरुले आफुले यस योजनामा गरेको लगानीलाई व्यवस्थित ढंगले नियमित समय अन्तरालमा आफुले फिर्ता लिन चाहेको रकम निरन्तर लिएर जान सक्ने विकल्प रहेको हुन्छ । यसका लागि योजना व्यवस्थापकले निम्न बमोजिमको कार्यान्वयनमा ल्याएको छ ।

क) इकाईधनीहरुले SWP का लागी योजना व्यवस्थापकले तोकिदिएको दर्ता फारममा आफुले फिर्ता लिन चाहेको किस्ता रकम (SWP Amount) र समय अन्तरालको मिति (SWP Interval Date) निर्धारण गरी आफ्नो नाम दर्ता गर्नु पर्ने हुन्छ । यसरी नाम दर्ता गर्दा इकाईधनीहरुले समय अन्तराल (SWP Interval) को हकमा मासिक, त्रैमासिक, अर्धबार्षिक वा बार्षिक मध्ये कुनै एक आफ्नो सुविधा र आवश्यकता अनुसार उल्लेख गर्न सक्नेछन् ।

ख) बुदाँ नं. ३ (क) अनुसार दर्ता भएका सम्पूर्ण इकाईधनीहरुको विवरण तथा कागजातहरु लिई योजना व्यवस्थापकले आफ्नो सफ्टवेयरमा प्रविष्ट गरी अभिलेख राख्ने व्यवस्था मिलाउनेछ ।

ग) बुदाँ नं. ३ (क) अनुसार दर्ता भए अनुरुप इकाईधनीले निर्धारण गरेको दिन योजना व्यवस्थापकले आवश्यक प्रकृया पुरा गरी इकाईधनीहरुको मौज्दात इकाईहरुबाट निर्धारित किस्ता रकम (SWP Amount) बराबरका लागी आवश्यक पर्ने इकाई बिक्री (Unit Redemption) गरी इकाईधनीको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ । SWP का लागी इकाई बिक्री (Unit Redemption) गर्दा सोहि दिनका लागी गरीने अन्य बिक्री प्रकृया (Normal Redemption) सरह नै रहने छ र बिक्री मूल्य समेत सोहि दिनको इकाई खरिद/बिक्रीका लागी लागु हुने खुद सम्पत्ती मूल्य (NAV) लाई नै आधार मानिनेछ ।

घ) SWP अर्न्तगत सहभागी भएका इकाईधनीहरुले चाहेमा सो योजना रद्द, परिवर्तन वा स्थगित गर्न सक्नेछन् वा इकाईधनीहरुको मौज्दात इकाई समाप्त भएमा SWP प्रकृया स्वतः रोकिनेछ ।

ङ) SWP अर्न्तगत आफ्नो नाम दर्ता, रद्द, परिवर्तन वा स्थगित गर्न इकाईधनीहरुले कुनै पनि शूल्क तिर्नुपर्ने छैन् ।

च) नियमित रुपमा खर्च गर्न वा अन्य प्रयोजनका लागी रकम आवश्यक पर्ने इकाईधनीहरु यस योजना मार्फत आफ्नो नियमित खर्च वा अन्य प्रयोजनको उद्देश्य पुरा गर्न सक्नेछन् ।

९. प्रक्षेपित योजनाको आकार लक्ष्य :

प्रक्षेपित योजनाको आकार लक्ष्य

		आर्थिक बर्ष			रू. करोडमा
विवरण	२०७९-८०	२०८०-८१	२०८१-८२	२०८२-८३	२०८३-८४
SIP मार्फत बार्षिक औसत इकाई पूंजी संकलन	१५९.६	२५५.४	४०८.६	६५३.७	१,०४६.०
बीज पूंजी मार्फत इकाई पूंजी संकलन	१५.०	१५.०	३०.०	३०।०	६०.०

इकाई बिक्री मार्फत इकाई पूंजी संकलन	३.०	४.८	७.७	१२।३	१९.७
कुल इकाई पूंजी संकलन	**१७७.६**	**२७५.२**	**४४६.३**	**६९६.०**	**१,१२५.६**
औसत बार्षिक पू-जी फिर्ता	(१७.६)	(१९.२)	(३६.७)	(४०.६)	(७७.०)
कुल योजनाको आकार	**१६०.०**	**२५६.०**	**४०९.६**	**६५५.४**	**१,०४८.६**
शुरूमा कायम आकार	१००	१६०	२५६	४१०	६५५
चालु आ.ब.मा आकार बृद्दि	६०	९६	१५४	२४६	३९३
कुल योजनाको आकार	१६०.०	२५६.०	४०९.६	६५५.४	१,०४८.६

१०. योजनामा लगानी गर्ने इकाईधनीहरुको संख्याको विवरण :

विवरण	संख्या
संस्थागत इकाईधनीहरूको संख्या	५०
व्यक्तिगत इकाईधनीहरूको संख्या	५३,६९८
बींज पूंजीमा लगानी गर्ने इकाईधनीहरूको संख्या	२
योजना जम्मा इकाईधनी संख्या	**५३,७५०**
योजनामा जम्मा इकाईधनीहरू मध्ये	
व्यवस्थित लगानी योजना (SIP) मा आबद्ध इकाईधनीहरू संख्या	३९,२८०
लाभांश पुन: लगानी योजना (DReP) मा आबद्ध इकाईधनीहरू संख्या	४१,६८८
व्यवस्थित लगानी फिर्ता योजना (SWP) मा आबद्ध इकाईधनीहरू संख्या	०

नोट : व्यवस्थित लगानी योजना (SIP) मा आबद्ध इकाईधनीहरु मार्फत प्रति इकाईधनी मासिक औसत रु. ३,१०० संकलन भईरहेको छ। साथै, माथि उल्लेखित विवरण संख्या २०७९ फाल्गुण मसान्त सम्मको रहेको छ।